नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :- ०८१/८२
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ६८

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति :२०८१।०६।२१
ने.सं.११४४ कौलाथ्व, चतुर्थी

बिषयः व्यक्तिगत घटना दर्ताको पूर्णता मापन तथा घोषणा सम्बन्धमा।

श्री स्थानीय तहहरु, सबै।

व्यक्तिगत घटना दर्ता मध्ये जन्म र मृत्युका घटनाले मूलतः मुलुकको जनसंख्याको आकार र संरचनामा प्रत्यक्ष प्रभाव पार्ने र त्यस्ता व्यक्तिगत घटनाहरु घटेको कानूनले तोकेको समय भित्रै पूर्ण रुपमा दर्ता गराई घटना दर्ताको पूर्णता हासिल गर्न आवश्यक भएकोले स्थानीय तहहरुको व्यक्तिगत घटना दर्ता पूर्णता मापन तथा घोषणा गर्ने प्रयोजनको लागि **'व्यक्तिगत घटना दर्ताको पूर्णता मापन सम्बन्धी कार्यविधि, २०८१'** नेपाल सरकार, गृह मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०८१/०६/११ को निर्णयानुसार स्वीकृत भई कार्यान्वयनमा आएको छ।

उल्लिखित कार्यविधि वमोजिम चालु आ.व.०८१/८२ मा व्यक्तिगत घटना दर्ताको पूर्णता मापन तथा घोषणा गर्न ईच्छुक स्थानीय तहहरुले यस विभागले सञ्चालन गरेको VERSP-MIS प्रणालीको Notification वा ई-मेल ठेगाना vital@donidcr.gov.np मा पत्र मार्फत जानकारी गराउनुहुन साथै पूर्ण व्यक्तिगत घटना दर्ता मापन तथा घोषणाको लागि छनौट हुने स्थानीय तहहरुलाई विभागबाट कार्यक्रम सहजिकरणको लागि प्रोत्साहन समेत गरिने व्यहोरा आदेशानुसार अनुरोध छ।

(मनि कुमार तामाङ्ग)
शाखा अधिकृत

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

# व्यक्तिगत घटना दर्ताको पूर्णता मापन सम्बन्धी कार्यविधि, २०८१

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग
सिंहदरबार, काठमाडौं

# व्यक्तिगत घटना दर्ताको पूर्णता मापन सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना:** स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट भईरहेको व्यक्तिगत घटना दर्ता मध्ये जन्म र मृत्यु दर्ताको पूर्णता मापन गर्न आवश्यक भएकोले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ५१ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "व्यक्तिगत घटना दर्ताको पूर्णता मापन सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-

(क) **"व्यक्तिगत घटना दर्ता"** भन्नाले जन्म र मृत्यु दर्ता सम्झनुपर्छ।

(ख) **"मन्त्रालय"** भन्नाले गृह मन्त्रालय सम्झनुपर्छ।

(ग) **"विभाग"** भन्नाले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सम्झनुपर्छ।

(घ) **"स्थानीय तह"** भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनुपर्छ।

## परिच्छेद-२

## व्यक्तिगत घटना दर्ता पूर्णता मापन तथा घोषणा सम्बन्धी

३. **मापनका सूचकहरु:** देहाय बमोजिमका सूचकहरु पूरा भएपछि व्यक्तिगत घटना दर्ता पूर्णता भएको स्थानीय तह घोषणा गर्न सकिनेछ:-

(क) व्यक्तिगत घटना दर्ता पूर्णता भएको स्थानीय तह घोषणाको लागि अनुसूची-१ बमोजिम घोषणा गर्ने वर्षको निकटतम अघिल्लो तीन वर्षको घटना दर्ताको तथ्याङ्क विश्लेषण गर्दा औषत घटना दर्ता दर पन्चानब्बे प्रतिशत भएको हुनु पर्नेछ।

(ख) जन्म दर्ता दर गणना गर्ने विधि अनुसूची-२ र मृत्यु दर्ता दर गणना गर्ने विधि अनुसूची-३ बमोजिम हुनेछ।

(ग) यस कार्यविधि वमोजिमका सुचक विश्लेषण गर्दा स्थानीय तह अन्तर्गतका सबै स्थानीय पञ्जिकाधिकारिको कार्यालयबाट अनलाईन प्रणाली मार्फत व्यक्तिगत घटना दर्ता भएको हुनुपर्नेछ।

(घ) व्यक्तिगत घटना दर्ता पूर्णताका लागि स्थानीय तहले घटना दर्ता अभियान वा घुम्ती घटना दर्ता सेवा सञ्चालन गर्न सक्नेछ।

(ङ) व्यक्तिगत घटना दर्ता सम्बन्धी सुचकको गणनालाई वस्तुगत र वैज्ञानिक बनाउन स्थानीय तहले आफ्ना मातहतका स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयम् सेविका, बाल संरक्षण गृह, बाल सुधार गृह, ज्येष्ठ नागरिक स्याहार केन्द्र लगायतका स्थानीय तहमा रहेका अन्य संयन्त्रबाट व्यक्तिगत घटना दर्ता सम्वन्धी विवरण नियमित रुपमा प्राप्त गर्न गराउन आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

४. <u>व्यक्तिगत घटना दर्ता पूर्णता घोषणा सम्बन्धी विधि:</u> (१) स्थानीय तहले दफा ३ बमोजिम व्यक्तिगत घटना दर्ता पूर्णताको सूचक मापनको लागि दफा ५ बमोजिमको अनुगमन, मूल्यांकन तथा सिफारिस समिति गठन गर्नुपर्नेछ।

(२) अनुगमन, मूल्यांकन तथा सिफारिस समितिबाट दफा ३ को खण्ड (क) र (ख) बमोजिम विश्लेषण गरी सिफारिस भएको प्रतिवेदन सम्बन्धित स्थानीय तहको कार्यपालिकाको बैठकबाट अनुमोदन गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम कार्यपालिकाबाट अनुमोदन भएको प्रतिवेदन व्यक्तिगत घटना दर्ता पूर्णता घोषणा गर्न सहमतिको लागि सम्बन्धित स्थानीय तहले विभागमा पेश गर्नुपर्नेछ।

(४) विभागले स्थानीय तहबाट सहमति मागभई आएको प्रतिवेदनको अध्ययन गरी सहमति उपलब्ध गराउन सक्नेछ। यस प्रयोजनको लागि विभागले आवश्यकता अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालय र स्वास्थ्य सेवा विभागमा रहेको तथ्याङ्कको समेत अध्ययन गरी सहमति उपलब्ध गराउन सक्नेछ।

(५) विभागबाट उपदफा (४) बमोजिम सहमति प्राप्त भएपछि स्थानीय तहले व्यक्तिगत घटना दर्ता पूर्णता भएको स्थानीय तह घोषणा गर्न सक्नेछ।

(६) स्थानीय तहले व्यक्तिगत घटना दर्ता पूर्णता घोषणा भएको जानकारी सम्बन्धित जिल्ला समन्वय समिति, सम्बन्धित प्रदेशको सामाजिक बिषय हेर्ने मन्त्रालय र विभागलाई गराउनु पर्नेछ।

(७) व्यक्तिगत घटना दर्ता पूर्णताको दिगोपनाको लागि स्थानीय तहले प्रत्येक वर्ष यसै कार्यविधि बमोजिमको प्रक्रिया अवलम्वन गरी व्यक्तिगत घटना दर्ता पूर्णता घोषणालाई निरन्तरता दिनुपर्नेछ।

५. <u>समिति सम्बन्धी व्यवस्था:</u> (१) व्यक्तिगत घटना पूर्णता भएको स्थानीय तह घोषणा गर्ने प्रयोजनका लागि प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको अनुगमन, मुल्याङ्कन तथा सिफारिस समिति रहने छः-

(क) स्थानीय तहको उपाध्यक्ष वा उप प्रमुख -संयोजक

(ख) सामाजिक बिषय हेर्ने बिषयगत समितिको संयोजक -सदस्य

(ग) स्वास्थ्य शाखा प्रमुख -सदस्य

(घ) सम्बन्धित जिल्ला हेर्ने तथ्याङ्क समन्वय कार्यालयको प्रमुख वा निजले तोकेको प्रतिनिधि -सदस्य

(ङ) पञ्जीकरण सम्बन्धी बिषय हेर्ने शाखाको शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समिति संचालन तथा व्यवस्थापन कार्यविधि उक्त समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले दफा ३ को खण्ड (ख) बमोजिम व्यक्तिगत घटना दर्ता सम्बन्धी तथ्याङ्क विश्लेषण र परीक्षण गरी सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले विवरण परीक्षणको क्रममा आवश्यकता अनुसार कुनै वडा वा टोल वा बालसंरक्षण गृह वा विद्यालयमा स्थलगत अनुगमन गर्न सक्नेछ।

## परिच्छेद-३

## विविध

६. <u>सहजीकरण गर्नुपर्ने:</u> स्थानीय तहलाई विभागबाट सञ्चालित अनलाईन प्रणाली मार्फत व्यक्तिगत घटना दर्ता गर्न गराउन र पूर्णता हासिल गर्न सम्बन्धित जिल्ला समन्वय समिति, प्रदेश सरकार र विभागले आवश्यक सहयोग र सहजिकरण गर्नु पर्नेछ।

७. <u>प्रोत्साहन गर्न सक्ने:</u> व्यक्तिगत घटना दर्ता पूर्णता घोषणा गर्न सफल स्थानीय तहलाई सम्बन्धित जिल्ला समन्वय समिति, प्रदेश सरकार, विभाग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रोत्साहित गर्न सक्नेछ।

८. <u>घटना दर्ता पूर्णता भएको मानिने:</u> (१) प्रदेश भित्रका सम्पूर्ण स्थानीय तहहरु व्यक्तिगत घटना दर्ता पूर्णता भएको घोषणा भएमा सो प्रदेशलाई त्यस बर्षका लागि व्यक्तिगत घटना दर्ता पूर्णता भएको प्रदेश मानिनेछ।

(२) उपदफा (१) बमोजिम सबै प्रदेशमा व्यक्तिगत घटनादर्ता पूर्णता भई सकेपछि त्यस वर्षका लागि व्यक्तिगत घटना दर्ता पूर्णता भएको मानिनेछ ।

९. <u>वाधा अड्काउ सम्बन्धीः</u> यो कार्यविधिको व्यवस्था लागु गर्न कुनै वाधा अड्काउ सृजना भएमा सो वाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई रहनेछ।

## अनुसूची-१

**(दफा ३(क) सँग सम्बन्धित)**

| वर्ष संकेत नम्बर | साल | जन्म दर्ता दर (BRR) | साल | मृत्यु दर्ता दर (DRR) |
|---|---|---|---|---|
| Year 1 | २०... | $BRR_1$ | २०... | $DRR_1$ |
| Year 2 | २०... | $BRR_2$ | २०... | $DRR_2$ |
| Year 3 | २०... | $BRR_3$ | २०... | $DRR_3$ |
| | | औषत जन्म दर्ता दर $\sqrt[3]{BRR1 \times BRR2 \times BRR3}$ | | औषत मृत्यु दर्ता दर $\sqrt[3]{DRR1 \times DRR2 \times DRR3}$ |

- $BRR_1$ भन्नाले घोषणा गर्ने वर्षको निकटतम अघिल्लो वर्ष (Year 1) को जन्म दर्ता दरलाई बुझाउने छ,
- $BRR_2$ भन्नाले $BRR_1$ को निकटतम अघिल्लो वर्ष (Year 2) को जन्म दर्ता दरलाई बुझाउने छ,,
- $BRR_3$ भन्नाले $BRR_2$ को निकटतम अघिल्लो वर्ष (Year 3) को जन्म दर्ता दरलाई बुझाउने छ,
- $DRR_1$ भन्नाले घोषणा गर्ने वर्षको निकटतम अघिल्लो वर्ष (Year 1) को मृत्यु दर्ता दरलाई बुझाउने छ,
- $DRR_2$ भन्नाले $DRR_1$ को निकटतम अघिल्लो वर्ष (Year 2) को मृत्यु दर्ता दरलाई बुझाउने छ,,
- $DRR_3$ भन्नाले $DRR_2$ को निकटतम अघिल्लो वर्ष (Year 3) को मृत्यु दर्ता दरलाई बुझाउने छ,

अनुसूची-२

(दफा ३ (ख) सँग सम्बन्धित)

<u>जन्म दर्ता दर गणना गर्ने विधि</u>

१. जन्म दर्ता दर गणना गर्दा घोषणा गर्ने वर्षको निकटतम अघिल्लो तीन वर्षको गणना गर्नुपर्नेछ, गणनाको शुत्र देहाय बमोजिम हुनेछः-

(क) $BRR1 = \frac{BR1}{TB1} \times 100\%$

(ख) $BRR2 = \frac{BR2}{TB2} \times 100\%$

(ग) $BRR3 = \frac{BR3}{TB3} \times 100\%$

- *$BRR_1$ भन्नाले घोषणा गर्ने वर्षको निकटतम अघिल्लो वर्षको जन्म दर्ता दरलाई बुझाउने छ,*
- *$BRR_2$ भन्नाले $BRR_1$ को निकटतम अघिल्लो वर्षको जन्म दर्ता दरलाई बुझाउने छ,,*
- *$BRR_3$ भन्नाले $BRR_2$ को निकटतम अघिल्लो वर्षको जन्म दर्ता दरलाई बुझाउने छ,*
- *$BR_1$ भन्नाले घोषणा गर्ने वर्षको निकटतम अघिल्लो वर्षको जम्मा जन्म दर्ता संख्यालाई बुझाउने छ,*
- *$BR_2$ भन्नाले $BR_1$ को निकटतम अघिल्लो वर्षको जम्मा जन्म दर्ता संख्यालाई बुझाउने छ,*
- *$BR_3$ भन्नाले $BR_2$ को निकटतम अघिल्लो वर्षको जम्मा जन्म दर्ता संख्यालाई बुझाउने छ,*
- *$TB_1$ भन्नाले घोषणा गर्ने वर्षको निकटतम अघिल्लो वर्षको जन्म सम्बन्धी अनुसूची-२ को क्र.सं. २ को खण्ड (क) बमोजिम गणना गरिएको औषत संख्यालाई बुझाउने छ,*
- *$TB_2$ भन्नाले $TB_1$ को निकटतम अघिल्लो वर्षको जन्म सम्बन्धी अनुसूची-२ को क्र.सं. २ को खण्ड (ख) बमोजिम गणना गरिएको औषत संख्यालाई बुझाउने छ,*
- *$TB_3$ भन्नाले $TB_2$ को निकटतम अघिल्लो वर्षको जन्म सम्बन्धी अनुसूची-२ को क्र.सं. २ को खण्ड (ग) बमोजिम गणना गरिएको औषत संख्यालाई बुझाउने छ।*

२. स्थानीय तहमा जन्म भएको जम्मा संख्या गणना गर्दा स्वास्थ्य संस्थामा जन्म भएका तथा अन्य ठाउँमा जन्म भएका संख्याको योगफल र राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रक्षेपण गरेको जम्मा जन्म संख्याको औषत निकाल्नु पर्नेछ; जसको गणना गर्ने गर्ने विधि देहाय बमोजिम हुनेछः-

$$(क)\ TB1 = \frac{Tb1+Tpb1}{2}$$

$$(ख)\ TB2 = \frac{Tb2 + Tpb2}{2}$$

$$(ग)\ TB3 = \frac{Tb3 + Tpb3}{2}$$

३. स्वास्थ्य संस्था र अन्य स्थानमा जन्मेका बच्चाको संख्या गणना गर्दा देहाय बमोजिमको शुत्रको प्रयोग गर्नुपर्नेछ:-

$$Tb_1 = bh_1 + bo_1$$
$$Tb_2 = bh_2 + bo_2$$
$$Tb_3 = bh_3 + bo_3$$

- घोषणा गर्ने वर्षको निकटतम अघिल्लो वर्षको स्वास्थ्य संस्था र अन्य ठाउँमा जन्म भएका जम्मा संख्यालाई $Tb_1$ ले जनाउनेछ,
- $Tb_1$ को निकटतम अघिल्लो वर्षको स्वास्थ्य संस्था र अन्य ठाउँमा जन्म भएका जम्मा संख्यालाई $Tb_2$ ले जनाउनेछ,
- $Tb_2$ को निकटतम अघिल्लो वर्षको स्वास्थ्य संस्था र अन्य ठाउँमा जन्म भएका जम्मा संख्यालाई $Tb_3$ ले जनाउनेछ,
- घोषणा गर्ने वर्षको निकटतम अघिल्लो वर्ष स्वास्थ्य संस्थामा जन्म भएका जम्मा शिशुको संख्यालाई $bh_1$ले जनाउनेछ,
- $bh_1$को निकटतम अघिल्लो वर्ष स्वास्थ्य संस्थामा जन्म भएका जम्मा शिशुको संख्यालाई $bh_2$ ले जनाउनेछ,
- $bh_2$ को निकटतम अघिल्लो वर्ष स्वास्थ्य संस्थामा जन्म भएका जम्मा शिशुको संख्यालाई $bh_3$ ले जनाउनेछ,
- घोषणा गर्ने वर्षको निकटतम अघिल्लो वर्ष अन्य ठाउँमा जन्म भएका जम्मा शिशुको संख्यालाई $bo_1$ ले जनाउनेछ,
- $bo_1$ को निकटतम अघिल्लो वर्ष अन्य ठाउँमा जन्म भएका जम्मा शिशुको संख्यालाई $bo_2$ ले जनाउनेछ,
- $bo_2$ को निकटतम अघिल्लो वर्ष अन्य ठाउँमा जन्म भएका जम्मा शिशुको संख्यालाई $bo_3$ ले जनाउनेछ,
- घोषणा गर्ने वर्षको निकटतम अघिल्लो वर्षको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रक्षेपण गरेको जम्मा जन्म संख्यालाई $Tpb_1$ जनाउनेछ,
- $Tpb_1$को निकटतम अघिल्लो वर्षको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रक्षेपण गरेको जम्मा जन्म संख्यालाई $Tpb_2$ ले जनाउनेछ,
- $Tpb_2$को निकटतम अघिल्लो वर्षको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रक्षेपण गरेको जम्मा जन्म संख्यालाई $Tpb_3$ ले जनाउनेछ।

## अनुसूची-३

## (दफा ३ (ख) सँग सम्बन्धित)

## मृत्यु दर्ता दर गणना गर्ने विधि

१. मृत्यु दर्ता दर गणना गर्दा घोषणा गर्ने वर्षको निकटतम अघिल्लो तीन वर्षको गणना गर्नुपर्नेछ, गणनाको शुत्र देहाय बमोजिम हुनेछः-

(क) $DRR1 = \frac{DR1}{TD1} \times 100\%$

(ख) $DRR2 = \frac{DR2}{TD2} \times 100\%$

(ग) $DRR3 = \frac{DR3}{TD3} \times 100\%$

- $DRR_1$ भन्नाले घोषणा गर्ने वर्षको निकटतम अघिल्लो वर्षको मृत्यु दर्ता दरलाई बुझाउने छ,
- $DRR_2$ भन्नाले $DRR_1$ को निकटतम अघिल्लो वर्षको मृत्यु दर्ता दरलाई बुझाउने छ,,
- $DRR_3$ भन्नाले $DRR_2$ को निकटतम अघिल्लो वर्षको मृत्यु दर्ता दरलाई बुझाउने छ,
- $DR_1$ भन्नाले घोषणा गर्ने वर्षको निकटतम अघिल्लो वर्षको जम्मा मृत्यु दर्ता संख्यालाई बुझाउने छ,
- $DR_2$ भन्नाले $DR_1$ को निकटतम अघिल्लो वर्षको जम्मा मृत्यु दर्ता संख्यालाई बुझाउने छ,
- $DR_3$ भन्नाले $DR_2$ को निकटतम अघिल्लो वर्षको जम्मा मृत्यु दर्ता संख्यालाई बुझाउने छ,
- $TD_1$ भन्नाले घोषणा गर्ने निकटतम अघिल्लो वर्षको मृत्यु सम्बन्धी अनुसूची-३ को क्र.सं. २ को खण्ड (क) वमोजिम गणना गरिएको औषत संख्यालाई बुझाउने छ,
- $TD_2$ भन्नाले $TD_1$ को निकटतम अघिल्लो वर्षको मृत्यु सम्बन्धी अनुसूची-३ को क्र.सं. २ को खण्ड (ख) बमोजिम गणना गरिएको औषत संख्यालाई बुझाउने छ,
- $TD_3$ भन्नाले $TD_2$ को निकटतम अघिल्लो वर्षको मृत्यु सम्बन्धी अनुसूची-३ को क्र.सं. २ को खण्ड (ग) बमोजिम गणना गरिएको औषत संख्यालाई बुझाउने छ।

२. स्थानीय तहमा मृत्यु भएको जम्मा संख्या गणना गर्दा स्वास्थ्य संस्थामा मृत्यु भएका तथा अन्य ठाउँमा मृत्यु भएका संख्याको योगफल र राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रक्षेपण गरेको जम्मा मृत्यु संख्याको औषत निकाल्नु पर्नेछ; जसको गणना गर्ने गर्ने विधि देहाय बमोजिम हुनेछः-

(क) $TD1 = \frac{Td1+Tpd1}{2}$

(ख) $TD2 = \frac{Td2+Tpd2}{2}$

(ग) $TD3 = \frac{Td3+Tpd3}{2}$

३. स्वास्थ्य संस्था र अन्य स्थानमा मृत्यु भएका संख्या गणना गर्दा देहाय बमोजिमको शुत्रको प्रयोग गर्नुपर्नेछ:-

$Td_1 = dh_1 + do_1$
$Td_2 = dh_2 + do_2$
$Td_3 = dh_3 + do_3$

- घोषणा गर्ने वर्षको निकटतम अघिल्लो वर्ष स्वास्थ्य संस्था र अन्य ठाउँमा मृत्यु भएका जम्मा संख्यालाई $Td_1$ ले जनाउनेछ,
- $Td_1$ को निकटतम अघिल्लो वर्ष स्वास्थ्य संस्था र अन्य ठाउँमा मृत्यु भएका जम्मा संख्यालाई $Td_2$ ले जनाउनेछ,
- $Td_2$ को निकटतम अघिल्लो वर्ष स्वास्थ्य संस्था र अन्य ठाउँमा मृत्यु भएका जम्मा संख्यालाई $Td_3$ ले जनाउनेछ,
- घोषणा गर्ने वर्षको निकटतम अघिल्लो वर्ष स्वास्थ्य संस्थामा मृत्यु भएका जम्मा मृतकको संख्यालाई $dh_1$ले जनाउनेछ,
- $dh_1$को निकटतम अघिल्लो वर्ष स्वास्थ्य संस्थामा मृत्यु भएका जम्मा मृतकको संख्यालाई $dh_2$ ले जनाउनेछ,
- $dh_2$ को निकटतम अघिल्लो वर्ष स्वास्थ्य संस्थामा मृत्यु भएका जम्मा मृतकको संख्यालाई जनाउनेछ $dh_3$ ले जनाउनेछ,
- घोषणा गर्ने वर्षको निकटतम अघिल्लो वर्ष अन्य ठाउँमा मृत्यु भएका जम्मा मृतकको संख्यालाई $do_1$ ले जनाउनेछ,
- $do_1$ को निकटतम अघिल्लो वर्ष अन्य ठाउँमा मृत्यु भएका जम्मा मृतकको संख्यालाई $do_2$ ले जनाउनेछ,
- $do_2$ को निकटतम अघिल्लो वर्ष अन्य ठाउँमा मृत्यु भएका जम्मा मृतकको संख्यालाई $do_3$ ले जनाउनेछ,
- घोषणा गर्ने वर्षको निकटतम अघिल्लो वर्षका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रक्षेपण गरेको जम्मा मृत्यु संख्यालाई $Tpd_1$ जनाउनेछ,
- $Tpd_1$को निकटतम अघिल्लो वर्षको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रक्षेपण गरेको जम्मा मृत्यु संख्यालाई $Tpd_2$ ले जनाउनेछ,
- $Tpd_2$को निकटतम अघिल्लो वर्षको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रक्षेपण गरेको जम्मा मृत्यु संख्यालाई $Tpd_3$ ले जनाउनेछ।